### इ) डढेलो रोकथाम टिम परिचालन

वन समूह स्तरिय वन डढेलो रोकथाम तथा नियन्त्रण टोलीलाई तालीम दिइ परिचालन गर्ने ।

### ई) डढेलो निभाउने

- डढेलो नियन्त्रण औजार (जस्तैः दाँते, खुकुरी, हँसिया, साबेल, कोदालो, बेल्चा, बन्चरो, बाल्टिन, आरा, पानीको झोला आदि) को व्यवस्था गर्ने/गराउने।
- डढेलो निभाउन जानु पूर्व औषधी, खाना, पानी, उपयुक्त कपडा, पन्जा, हेलमेट तथा उज्यालोको व्यवस्था मिलाउने ।
- हरियो स्याउला, भिजेको बोराले पिटेर, फायर स्वाटर, ब्याकप्याक पम्प, माटो, बालुवा प्रयोग गरेर निभाउने ।
- बढी संवेदनशील क्षेत्रलाई अग्निरेखा बनाएर छुट्याउने ।
- उल्टो दिशाबाट प्रतिरोधी आगो लगाउने ।

### उ) पुनरुत्पादन

डढेलोले क्षती गरेको वन क्षेत्रमा वन क्षेत्र पुनस्थापना योजना बनाएर तुरुन्त कार्यान्वयन गर्ने ।

### ऊ) राहत

डढेलोको चपेटामा परेकालाई राहत तथा उपचारको व्यवस्था गर्ने ।

## ८. नियन्त्रित डढेलो

- सुख्खा तथा गर्मी मौसम हुनु पहिले वन जंगलका बल्ने पदार्थ घटाउन र हटाउन निश्चित वन क्षेत्रमा उपयुक्त मौसमी अवस्थामा हेरी योजनाबद्ध तरिकाले आगो लगाउन सकिन्छ । यो तरीका वन व्यवस्थापनको राम्रो उपाय र पारिस्थितिकीय प्रणालीको एक भाग हो । घाँस उत्पादन र खर्क व्यवस्थापनको सहज र प्रभावकारी उपायको रुपमा यसलाई लिइन्छ । यो डढेलो लगाउने तरीकावारे तल दिइएको छ ।
- वनलाई विभिन्न खण्डमा विभाजन गरी प्रत्येक खण्डको छुट्टाछुट्टै योजना तयार गर्ने ।
- डढेलो लगाउने खण्डमा डढलो बाहिर जान नदिन सुरक्षित घेरा बनाई सोमा रहेका घाँसपात लगायतका बल्ने पदार्थ हटाउने ।
- डढेलो लगाउने क्षेत्र वरपरका स्थानीय बासिन्दालाई जानकारी गराउने ।
- डढेलो निभाउने सामग्री सहितको एक टोली गठन गरी टोली नेता छान्ने र सञ्चारको राम्रो प्रबन्ध मिलाउने ।
- योजना अनुसार तोकिएको क्षेत्रमा नियन्त्रित डढेलो लगाउने र अन्त्यमा पूर्णत निभाउने ।
- यो कार्य गर्न कठिन हुन्छ । उपयुक्त समय चयन गर्नु पर्दछ । छिटो भए डढ्दैन र ढिलो भए आगो नियन्त्रण गर्न कठिन हुन्छ । त्यसैले समय चयनमा विशेष ध्यान पुऱ्याउनुपर्छ ।

## ९. विपरित दिशाबाट डढेलो लगाउने

वनमा ठूलो डढेलो लागिरहेको छ, तिब्रगतिमा बढिरहेको छ र निभाउन कठीन छ भने सो आइनपुग्दै नियन्त्रित तवरले निश्चित घेरामा रहेका ज्वलनशील पदार्थ जलाई आगो आएको दिशामा गएर ठोक्किने र डढेलो निभ्ने गरी विपरित दिशाबाट डढेलो लगाइन्छ । यसको उद्देश्य डढेलोलाई अन्य भागहरुमा थप फैलिनबाट रोक्नु हो । डढेलो निभाउन आगोको नै प्रयोग गरिने यो कार्य कठिन र जोखिमपूर्ण भएता पनि राम्ररी गर्न सकेमा छिटो र प्रभावकारी हुन्छ । यो डढेलो लगाउने तरीका देहायमा छ ।

- डढेलो नियन्त्रण टोली गठन गरी आवश्यक औजार/सञ्चार सहित डढेलो क्षेत्रमा जाने ।
- यथासम्भव प्राकृतिक बाटो, डाँडाको धार वा खोल्सीमा घाँसपात लगायतका ज्वलनशील पदार्थ हटाएर अग्नि नियन्त्रण रेखा बनाउने ।
- अग्नि नियन्त्रण रेखा बनाए पछि डढेलो आएको दिशा तिरै आगो लगाइदिने । जसले एक आपसमा आगो ठोक्किएर निभ्छ र फैलन पाउँदैन । अर्को दिशामा आगो जान नसक्ने गरी सफा राख्नु पर्दछ ।
- हातमा हरियो स्याउला, आगो पिट्ने पेटी जस्ता वस्तु लिएर आगोलाई अर्कोतर्फ जान रोक्नुपर्छ । कथंकदाचित डढेलोले अग्नि नियन्त्रण रेखा काटेमा पुनः सुरक्षित स्थानमा गई अर्को रेखा बनाउनु पर्छ ।
- डढेलो सकिए पछि रहलपहल आगो पूर्णतः निभाउनुपर्छ ।

## १०. डढेलो निभाउन जानु अगाडी विचार गर्नु पर्ने कुराहरु

वन डढेलो नियन्त्रण गर्न जाँदा विशेष होसियारी पुऱ्याउनु पर्छ । हाम्रो सानो गल्तीले आँफू र समूहका साथीहरुको समेत ज्यान डढेलोको जोखिमा पर्न सक्छ । त्यसैले डढेलो नियन्त्रणमा जाँदा देहायका कुराहरुमा विशेष ध्यान दिनु पर्दछ ।

- डढेलो लागेको ठाउँ (जमिन) को बारेमा जानकारी लिने ।
- डढेलोको कुन प्रकारको हो आँकलन गरी निभाउने ठाउँ चयन गर्ने ।
- डढेलो लागेको वनको प्रजाति संरचना र वन घना, पातलो कस्तो प्रकृतिको हो जानकारी लिने
- निभाउने सामाग्री र लगाउने पहिरन जोहो गर्ने ।
- डढेलो निभाउने जनशक्ति हामीसंग कति छ ? पुग्छ पुग्दैन ? थप मदत चाहिन्छ कि विचार गर्ने ।
- तत्कालीन स्थानीय मौसम अवस्था मुल्यांकन गरी निभाउने कार्य गर्ने ।
- प्राथमिक उपचार सामाग्रीको जोहो मिलाउने ।

## ११. समुदायमा डढेलो रोकथाम र नियन्त्रणमा गर्नु पर्ने कार्यहरु

डढेलो रोकथाममा प्रमुख भूमिका स्वयं व्यक्ति र समुदायको रहने कुरा निर्विवाद छ । व्यक्ति र समुदायको सानो प्रयासले ठूलो डढेलोको प्रकोपबाट वन जंगल र समुदायमा हुने क्षति हुनबाट बचाउन सकिन्छ । यसको लागि निम्न क्रियाकलापहरु गर्नु आवश्यक छ ।

- डढेलो रोकथाम र नियन्त्रणको संचार माध्यमबाट सूचना र सन्देश प्रसारण गर्ने ।
- हिड्ने पैदल र मोटर बाटो आसपासबाट जल्ने बल्ने वस्तुहरु हटाउने ।
- आफ्नो वन क्षेत्रमा अग्नी रेखा, वन पथ निर्माण गर्ने ।
- वाल बच्चाबाट आगो बाल्न प्रयोग हुने सलाई, लाईटर, हिटर जस्ता वस्तु टाढा आफ्नो वनमा नियन्त्रित डढेलो लगाइ पातपतिंगर सफा गर्ने । आफ्नो वा छिमेकी वन डढेलो लागेको खण्डमा समुदायका सबै मानिसहरु जुटेर निभाउने । थप मद्दत चाहिने भएमा सुरक्षा निकायमा खबर गर्ने ।
- वन डढेलो लगाउनेलाई संरक्षित क्षेत्र कार्यालय वा डिभिजन वन कार्यालयमा कानूनी कार्वाहीको लागि पठाउने ।

## १२. उपसंहार

अनियन्त्रित वन डढेलो मानवीय, आर्थिक, सामाजिक, पारिस्थितिकीय दृष्टिकोणबाट सरासर हानीकारक छ । यसले अल्पकालीन तथा दीर्घकालीन रुपमा ठूलो एवं अपुरणीय क्षति पुऱ्याउँछ । वन डढेलोलाई नियन्त्रित रुपमा उपयोग गर्न सकियो भने यसले वन व्यवस्थापनको औजार काम गर्दछ तर नियन्त्रण बाहिर गएमा यसले ठूलो क्षति गराउँछ । वन डढेलो प्राकृतिक इकोसिस्टमको लागि अपरिहार्य छ । वन डढेलो लाग्ने नदिनु नै रोकथामको प्रभावकारी उपाय हो । तर लागि हालेमा यसलाई निभाउनु हामी सबैको साझा कर्तव्य हो ।

### वन जंगलमा आगजनी गर्ने र डढेलो लगाउनेलाई हुने दण्ड जरिवाना र कैदको व्यवस्था

वन ऐन २०७६, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ र मुलुकी अपराध (संहिता) ऐन २०७४ ले वन जंगल, वनस्पति, संरक्षित क्षेत्र र सार्वजनिक सम्पतिमा आगजनी गर्ने र डढेलो (आगो) लगाउने कार्यलाई कसुर मानेको छ । आगजनी वा डढेलो लगाउने कार्य गरेमा देहायको दण्ड जरीवाना र कैदको व्यवस्था गरेको छ ।

#### क) वन ऐन, २०७६ अनुसार हुने सजाय :

- राष्ट्रिय वनमा आगो लगाउने वा आगजनी हुन जाने कुनै कार्य गरेमा आगजानीबाट वनमा भएको सम्पूर्ण क्षतिको बिगो असुल गरी ३ बर्ष सम्म कैद वा ६० हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था रहेको छ ।


#### ख) राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार हुने सजाय :

- कसैले वनमा आगो लगाएमा र अरु कुनै प्रकारले हानी नोक्सानी पुऱ्याएमा (क) एक हजार रुपैयासम्मको बिगो भए बिगो बमो जिमको जरिवाना, (ख) एक हजार देखि दश हजार रुपैयासम्मको बिगो भए बिगो बमोजिम जरिवाना वा छ महिनासम्म कैद वा दुवै, (ग) दश हजार भन्दा बढीको बिगो भए बिगोको दोब्बर जरिवाना वा एक बर्ष कैद वा दुवै सजाय हुने व्यवस्था रहेको छ ।

#### ग) मुलुकी अपराध (संहिता) ऐन, २०७४ अनुसार हुने सजाय :

- संरक्षित कुनै वन्यजन्तु वा वनस्पतिको प्रजातीको अस्तित्व नै विनास गर्ने उद्देश्यले राष्ट्रिय निकुन्ज वा आरक्ष वा संरक्षण क्षेत्रमा आगो लगाएमा जन्मकैदको सजाय र बिगो बमोजिमको जरिवाना हुने ।
- कसैले सार्वजनिक सम्पतिमा आगो लगाई आपराधिक उपद्रव गरेकोमा २ बर्ष देखि ५ बर्षसम्म कैद र २० हजार देखि ५० हजार रुपैयाँसम्म जरिवाना हुने ।


थप जानकारीको लागि
भानुभक्त प्राणी उद्यान कार्यालय
छिर्कन, तनहुँ
फोन नं.: ९८५६०६६६२०, ९८५६०२२२४७
इमेल : zoologicalgardenbhanu2018@gmail.com
वेभसाइट : www.bhanubhaktazoologicalgarden.gov.np

# वन डढेलो
## एक जानकारी

२०८०


नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
भानुभक्त प्राणी उद्यान कार्यालय
छिर्कन, तनहुँ

## १. परिचय

वन जंगल, भीरपाखा, घाँसे मैदान तथा खेतवारीमा हुने आगलागीलाई वन डढेलो वा डढेलो भनिन्छ । राम्रोसंग उपयोग गरेमा आगो वन ब्यबस्थापनको एक औजार हो भने नियन्त्रण बाहिर गएमा वन विनाशको प्रमुख कारक तत्व पनि हो ।

## २. वन डढेलो लाग्न चाहिने कुराहरू (तत्वहरू)

डढेलो लाग्नका लागि बल्ने पदार्थ, आगोको स्रोत र अक्सिजनको आवश्यकता पर्दछ। यी तीन तत्वहरुको उचित संयोजनबाट नै डढेलो लाग्दछ । वन जंगलमा रहेका सुकेका पातपतिंगर तथा काठ दाउरा जस्ता ज्वलनशील पदार्थमा आगो शुरु भई बढ्दै गएर डढेलोमा रुपान्तरण हुन्छ ।

## ३. वन डढेलो उत्पत्तिका कारणहरू

### क) प्रकृतिजन्य वन डढेलो

प्राकृतिक कारण जस्तै चट्याङ पर्दा, ढुंगा पल्टिंदा हुने घर्षण, रुख एक आपसमा ठोक्कींदा हुने घर्षण र ज्वालामुखी वा ठूलो भूकम्प आदिबाट वनमा आगो सल्कन गई लाग्ने डढेलोलाई प्रकृतिजन्य वन डढेलो भनिन्छ । यस किसिमको डढेलो नेपालमा ज्यादै न्यून लाग्ने गरेको छ ।

### ख) मानवजन्य वन डढेलो

**अ) दुर्घटनाजन्य वन डढेलो**

खेतबारीमा रहेका पातपतिंगर जलाउँदा आगो अनियन्त्रित भई वनमा प्रवेश गरेर; चुरोट, बिंडी, सलाईका काँटी ननिभाई वनमा फ्याँक्दा; वनभोज खाई आगो ननिभाई वनमा छाड्दा; गोल बनाइ र मह काढी आगो ननिभाई वनमा छाड्दा, रातमा राँको बाली हिंड्दा आगो वनमा खसेर; अग्नि रेखा सफा गर्ने क्रममा आगो फुत्किएर वनमा पुग्दा; वन क्षेत्र भित्रबाट जाने विद्युत लाइन सट भएर वनमा सल्कदा र शिकारीको बन्दुकको गोलीबाट निस्केको आगोको झिल्को वनमा सल्की फैलिएर यो डढेलो लाग्ने गरेको छ ।

**आ) जानीबुझी लगाउने डढेलो**

राम्रो घाँस पलाउने आस गरेर, डढेलोको खरानी खेतबारीमा फिजाउन, खोरिया फँडानी गरी खेती गर्न, रुखबिरुवा सुकाएर काठ दाउरा प्राप्त गर्न, गैरकाष्ठ वन पैदावार संकलन गर्न, वन्यजन्तुको शिकार गर्न, हिंस्रक वन्यजन्तु धपाउन, वन अपराध लुकाउन, बाटो हिंड्न अप्ठेरो हुन सक्ने हुँदा सहज बनाउने जस्ता कार्य गरी मानिसले जानीबुझी डढेलो लगाउने गरेको पाईन्छ ।

वन क्षेत्रहरुमा सुख्खा मौसम हुनु भन्दा अगाडि नियन्त्रित रुपले अग्नी रेखा सफा गर्न, मर्मत गर्न, ब्लकहरुमा चरन व्यवस्थापन गर्न नियन्त्रीत आगो लगाउने गरिन्छ । होसियारी पुर्‍याईएन भने यो नियन्त्रित डढेलोले पनि ठूलो क्षती गर्न सक्छ ।

## ४. वन डढेलोको किसिम

### क) सतही डढेलो

यस डढेलोले सतहमा भएका सुकेका पदार्थ (पातपतिंगर) जलाउँदछ । स-साना बिरुवा जलेर नोक्सान भएपनि वनलाई धेरै मात्रामा नोक्सान पुर्‍याउँदैन साथै यो नियन्त्रण गर्न सजिलो हुन्छ ।

### ख) जमिन डढेलो

यो डढेलोले जमिनको सतहका साथै जमिन मुनि थुप्रिएर रहेका प्राङ्गारिक पदार्थ जल्दछन् । स-साना बिरुवाका साथै ठूला रुखहरुलाई समेत हानी पुग्दछ । कहिलेकाहीं जमिन भित्र आगलागी भएर जमिन बाहिर धुवाँ मात्र निस्कन सक्छ । यसलाई नियन्त्रण गर्न कठिन हुन्छ ।

### ग) छत्र डढेलो

यसमा जमिनमा रहेका, रुखमा झुण्डिएका प्राङ्गारिक पदार्थ सहित रुखका हाँगाबिङ्गा र पातहरु एकैसाथ जल्दछन् । यो डढेलो सबैभन्दा खतरा र धेरै नोक्सान पुर्‍याउने खालको हुन्छ । यस प्रकारको डढेलो कोणधारी (सल्ला) वनमा लाग्ने सम्भावना बढी हुन्छ ।

## ५. डढेलोलाई असर पार्ने तत्वहरू

वन डढेलोलाई फैलिन निम्न कुराहरुले प्रत्यक्ष असर पारिरहेको हुन्छ ।

### क) भू-बनौट

समथर जमिन भन्दा भिरालो जमिनमा वन डढेलोको वेग बढी हुनुका साथै असर पनि बढी हुन्छ । प्रत्येक १० डिग्री जमिनको भिरालोपना बृद्धि भएमा त्यहाँ लागेको डढेलोको फैलने गति दोब्बर हुन्छ भने ३५ डिग्री भन्दा बढी भिरालो क्षेत्रमा डढेलोको गति १० दोब्बरसम्म बृद्धि हुन सक्दछ ।

### ख) जलवायु

सुख्खा तथा गर्मीको समयमा डढेलो बढी लाग्ने गरेको छ । बायुमण्डलमा सापेक्षिक आर्द्रता ३० प्रतिशत वा सो भन्दा कम भएको स्थानमा डढेलो (आगो) सल्किने उपयुक्त तर खतरनाक अवस्था हो । यो भन्दा कम आर्द्रता भएमा डढेलो नियन्त्रण गर्न कठिन हुन्छ । हुरी बतास चल्दा डढेलोको प्रभाव बढी हुन्छ । यदि हावाको गति ४ मिटर प्रति सेकेण्ड मात्र बृद्धि भएमा डढेलो फैलने गति २ गुणाले बृद्धि हुन्छ ।

### ग) ज्वलनशील पदार्थ

झ्याउ, प्राङ्गारिक पदार्थ, सुकेका पातपतिङ्गर एवं काठ दाउरा, सल्लाको खोटो जस्ता ज्वलनशील पदार्थको उपस्थितिले डढेलो बढाउँछन् ।

### घ) गरिबी, अशिक्षा र रुढीवादी परम्परा

वन डढेलोको खरानी बगेर खेतवारीमा आए उब्जनी बढ्छ, खेतवारी छेउछाउमा तप्केनी (सेप) हट्छ र डढेलो लगाएमा चाँडो राम्रो घाँस पलाउँछ भन्ने सोचाईले वनमा डढेलो लगाउने गरिन्छ । खोरिया खेती र खेतवारीमा छापो पोल्ने परम्परा, रुखविरुवा सुकाई दाउरा बनाउन र बिक्री गर्न, वन क्षेत्र अतिक्रमण गर्न जंगलमा आगजनी गर्ने अशिक्षित परम्पराले वनमा डढेलो लगाउने गरेको पाईन्छ ।

### ङ) प्रचारप्रसार

वन डढेलोको असरको वारेमा संचार माध्यमहरु, पत्रपत्रिका, पोष्टर, पर्चा, पम्प्लेट, पुस्तक, नाटक, भित्तेलेखन, अभिमुखिकरण तालीम, गोष्ठी आदि कार्यक्रम संचालन गरी गाउँ गाउँमा चेतना फैलाउन सकेमा वन डढेलोको प्रकोप कम हुने हुन्छ । अन्यथा वन डढेलोले प्रश्रय पाउँछ ।

### च) वन व्यवस्थापन

सरकारद्धारा ब्यवस्थित तथा सामुदायिक वनका व्यवस्थापन योजनाहरुमा सुकेका पातपतिंगर सफाई, झाडी/बुट्यान गोडमेल, थिनिङ, अग्नीपथ निर्माण, वन डढेलो नियन्त्रण एवं रोकथाम गर्ने उपायहरुको बारेमा उल्लेख गरिएको हुन्छ । यी कार्यहरु प्रभावकारी रुपमा गर्न नसक्दा पनि वन डढेलोले प्रश्रय पाएको हो ।

## ६. डढेलोका परिणामहरू (क्षती/नोक्सानी)

### क) रुख बिरुवामा क्षती

- बीउहरु डढ्ने, स-साना बिरुवाहरु डढ्ने/मर्ने ।
- ठूला रुखहरुको पनि बोक्रा र पात सुक्न सक्ने ।
- काण्डमा घाउ बनेर रोग किराको आक्रमण हुन सक्ने एवं रुखको बृद्धिमा नकारात्मक असर पर्ने ।
- काठ दाउरा, घाँस एवं गैरकाष्ठ वन पैदावारको नोक्सानी, वनको उत्पादन क्षमतामा ह्रास ।
- खोटो संकलन गरेका क्षेत्रमा बढी नोक्सान ।
- लगातारको डढेलोले महत्वपूर्ण सदाबहार प्रजाती हराउने/मासिने र कमसल पतझड एवं डढेलो प्रतिरोधी प्रजातीको बृद्धि हुने गर्दछ ।

### ख) वन्यजन्तुमा क्षती

- वन डढेलोले वन्यजन्तुका अण्डा, बच्चा लगायत सबै उमेरका वन्यजन्तु घाईते हुने, डढ्ने र जल्ने हुन्छ । यसले वन्यजन्तुको बासस्थान विनाश गर्दछ ।

### ग) माटोमा असर

- माटोको प्राङ्गारिक पदार्थ डढेर सतह नाङ्गो भई हावा, घाम र वर्षाको लागि खुला हुने एवं माटोको पानी सोस्ने क्षमतामा ह्रास हुनाले भू-क्षयमा बृद्धि हुन्छ ।
- प्राङ्गारिक पदार्थ डढेर माटोको संरचना नै बिग्रन सक्छ ।
- माटोका सुक्ष्म जीवाणुमा असर परी उर्वराशक्तिमा ह्रास आउँछ ।
- माटोको कम्पोष्ट मल उत्पादन र नाईट्रोजन भण्डार क्षमतामा कमी हुन जान्छ ।

### घ) प्रदुषण

- वायु तथा पानीका श्रोतहरुमा प्रदुषण बढ्छ ।

### ङ) जलवायु परिवर्तनका असर

- कार्बन भण्डारका स्रोतको रुपमा रहेका रुखबिरुवा नासिन्छन् ।
- रुखबिरुवा जल्दा कार्बनडाइअक्साइड जस्ता हरितगृह ग्याँस वायुमण्डलमा थपिन पुग्छ ।

### च) वनको सुक्ष्म हावापानीमा असर

### छ) जैविक विविधतामा ह्रास

### ज) पारिस्थिकिय प्रणालीमा असर

### झ) पानीको स्रोतमा असर

### ञ) वनको सुन्दरतामा ह्रास

## ७.१ प्रतिरक्षात्मक उपायहरू

- वन डढेलो लाग्नु अगाबै डढेलो लाग्नै नदिन गरिने देहायका कृयाकलापहरु यस अर्न्तगत पर्दछन् ।

### अ) प्रचारप्रसार

- रेडियो, टेलिभिजन, सिनेमा, पत्रपत्रिका, पोष्टर, पम्प्लेट, होर्डिङ बोर्ड, भित्तेलेखन, नाटक, प्रवचन, चेतना शिविर, गीत प्रतियोगिता, शैक्षिक भ्रमण, तालीम, गोष्ठी, अन्तर्क्रिया जस्ता कार्यक्रमहरु मार्फत् डढेलो विरुद्ध जनचेतना अभिबृद्धि गराउने ।
- तापक्रम, हावा र आर्द्रताको अध्ययनबाट खतरनाक डढेलो समयको भविष्यवाणी गर्ने ।
- डढेलोबाट वर्षेनी हुने क्षतिको जानकारी सार्वजनिक गर्ने ।
- हिउँदको समयमा वनमा घाँस एवं काठ दाउरा संकलन गर्न तथा गाईवस्तु चराउन जानेहरुका लागि छुट्टै ख्याल राख्नु पर्ने कुरा सहित जनचेतना जागरण कार्यक्रम सञ्चालन गर्ने ।
- प्रचलित ऐन नियममा समाविष्ट डढेलो सम्बन्धी दण्ड जरिवानाका प्रावधानहरु सञ्चार माध्यम मार्फत् जानकारी गराउने ।
- डढेलोबाट हुने क्षणिक फाइदा र दीर्घकालीन घाटा सम्बन्धमा सर्वसाधारणलाई जानकारी गराउने ।

### आ) वन व्यवस्थापन

- वन क्षेत्रका सडक, गोरेटो बाटो, वन पथ र अग्नीरेखाका दायाँबायाँका सुकेका घाँसपात तथा काठ दाउराहरु सुख्खायाम अगाडी हटाइ नियमित सफा राख्ने ।
- वन भित्रका सुकेका काठ दाउरा, घाँसपात तथा रुख काटेका हाँगाविँगा हटाएर वन सफा राख्ने ।
- वन भित्र वीच वीचमा सदावहार प्रजातिको हरित पेटी बनाउने ।
- वन भित्रका पर्यटन स्थल, वनभोज स्थल तथा क्याम्पिङ साइट वरपर सफा राख्ने ।
- सल्लाको खोटो संकलन गरिएका क्षेत्रमा रहेका सल्लाका पातहरु लगायतका अन्य बल्ने पातपतिंगर राम्ररी हटाउने ।
- वृक्षारोपण क्षेत्रमा राम्ररी गोडमेल र सरसफाइ गर्ने ।
- वन सम्वर्द्धनका कृयाकलापहरु नियमित कार्यान्वयन गर्ने ।
- नियन्त्रित वन डढेलोको अभ्यास गर्ने गराउने ।।

### इ) पाठ्यक्रममा समावेश गर्ने

विद्यालय तथा क्याम्पसका पाठ्यक्रममा डढेलो सम्बन्धी विषयवस्तु समावेश गरी अध्यापन गर्ने गराउने ।

### ई) वन व्यवस्थापन योजना कार्यान्वयन गर्ने

सरकारद्धारा व्यवस्थित तथा सामुदायिक वन कार्ययोजनामा डढेलो व्यवस्थापनका लागि राखिएका प्रावधानहरु कार्यान्वयन गर्ने/गराउने ।

## ७.२ प्रतिरोधात्मक उपायहरू

डढेलो लागी सकेपछि नियन्त्रणका लागि गरिने सबै कृयाकलापहरु यसमा पर्दछन् ।

### अ) वन डढेलो अनुगमन र पहिचान गर्ने

- डढेलो लाग्ने समयमा वनमा निगरानी गर्न चौकीदारको व्यवस्था गर्ने ।
- वनमा आगो लागेको देखिने गरी मचान (टावर) निर्माण गर्ने ।
- दूर संवेदनशिल र सेटलाईट प्रविधि प्रयोग गरी डढेलो पहिचान गर्ने ।
- नियमित हवाई तथा स्थलगत गस्ती गरी डढेलो पहिचान गर्ने ।
- डढेलो अनुगमन प्रणाली स्थापना तथा सञ्चालन गर्ने ।

### आ) वन डढेलोको सूचना दिने

फोन, घण्टी, सिट्ठी, दमाहा, कटुवालको प्रयोगबाट वा अन्य उपाय (आधुनिक प्रविधि ईन्टरनेट, फेसवुक, ईमेल, दुरसंवेदनसिल, एस.एम.एस. आदि) द्वारा सम्बन्धित ठाउँ र निकायमा डढेलोको जानकारी तुरुन्त दिने ।